# पारिजातको वृत्त र दाह्रीवाल

*भैरवबहादुर थापा*

तारतम्य फुस्केको यो जीवनमा आत्तिएर न चिच्याउन सकेको छु, न धित मारेरै रुन सकेको छु, न पेट थिचिथिची हाँस्न सकेको छु, न एक कुनामा थन्किएर बस्न नै सकेको छु । यस्तो स्थितिमा भौतारिँदै जीवनको विभिन्न गियरमा कुँदिरहेको बेला अचानक २०५७ कात्तिक १२ गतेको 'कान्तिपुर' पत्रिका धरानको एउटा पसलमा हेर्दाहेर्दै मदनमणि दीक्षितज्यू (हाम्रो प्रिय मास्टरसाब) को लेख देखें । शीर्षक थियो 'पारिजातको जीवन कथा' घत लाग्यो, किनिहालें तर केही दिनपछि मात्र काठमाडौंमा पढ्ने साइत जुऱ्यो ।

कान्तिपुरको सो लेख पढेपछि विगतका दिनहरू मेरो मस्तिष्कमा हुँडल्किन थाल्यो अतीतका मित्र मण्डलीलाई सम्झेर । तुरुन्त मैले मदनमणि माड्साबलाई फोन गरेँ । माड्साबको आवाज फोनमा सुनेपछि मैले नमस्कार गरेँ र प्रतिउत्तरमा 'नमस्कार ! यहाँ को हुनुहुन्छ ?' माड्साबले भन्नुभयो । "म भैरव बोलेको चिन्नु भो मास्टरसाब !" "अब भने स्वरैले चिनेँ । अनि के छ भैरवजी ?" माड्साबले भन्नुभो । "तपाईंको लेख पढेँ, पुरानो सम्झना गराइदिनु भो । खुब आनन्द आयो मास्टरसाब !" शङ्कर लामिछाने, शङ्करमणि पौडेल र मेरो नामसमेत त्यस लेखमा उल्लेख भएको देख्दा झनै खुसी लाग्यो । साथै भैरवबहादुर थापाको घरमा "गम्भीर कुराकानी वा सानातिना छलफलसमेत हुने गर्थ्यो भनी साङ्केतिक रूपमा वर्णनसमेत गरिएको हुँदा वास्तवमा त्यसबेलाका जमघटहरूबाट सिर्जना भएका लेख वा प्रायःजसो उपन्यासहरूले मदन पुरस्कारसमेत प्राप्त गर्न सफल भएका साथीहरूलाई पनि सम्झेँ । अनि म किन गौरवान्वित नहुने भन्ने पनि मैले ठानेँ । तसर्थ धेरैधेरै धन्यवाद छ मास्टरसाब तपाईंलाई ।" मैले आफ्नो मनको कुरा राखें । "मलाई पनि छुने गरी पुरानो सम्झना गराइदिनु भो । धेरै खुसी लाग्यो भैरवजी ! तपाईंलाई पनि धेरैधेरै धन्यवाद !" माड्साबको पनि संवेदनशील आवाज सुन्न पाएँ ।

"मास्टरसाबको अमूल्य समय धेरै लिएँ । क्षमा गर्नु होला । अब मलाई एउटै कुरा भन्नु छ त्यो हो, मदनमणि दीक्षितको कलमद्वारा नरेन्द्रराज प्रसाईंलाई साधुवादको सङ्ज्ञा दिनुका साथै हृदयदेखि नै उचित प्रशंसा गर्नुभएको देख्दा झन् अर्कै आनन्द आयो । हुन त नरेन्द्रराज प्रसाईंज्यूको प्रायशः प्रस्तुतीकरणमा सिद्धिविनायकको पूर्ण दृष्टि परेको भान हुन्छ, जसमा आफ्ना मौलिक अभिव्यक्ति हुनुका साथै नूतन वाक्यहरू पनि सिर्जित भएका नै हुन्छन् । झन् त्यसमाथि स्वर्गीय व्यक्तिको जीवनीमा डुबुल्की मारेर सुसज्जित ढङ्गबाट एक अमीट स्मारिकाको रूपमा 'पारिजातको जीवन कथा' को सिर्जना गर्नु यो एउटा आदर्शमय खोजको साथै भीमकाय हिम्मत पनि मानिन्छ । यस्तो विषयमा प्रशंसा हुनु लेखक वर्गको धर्म-कर्म दुवै हो भन्ठान्दछु ।" मैले आफ्नो अभिव्यक्ति पोखें ।

"हो तपाईंले ठीक भन्नु भो भैरवजी ! तपाईंलाई सम्झना होला भर्खर आसामबाट काठमाडौं आएका हरिभक्त कटुवालले तपाईंको घरमा कविता सुनाउँदा 'यस्तो पनि कविता हुन्छ ?' भनेर मैले झोंकिएर नकार्दा शङ्कर लामिछानेसहित सबै साथीहरू ट्वाल्ल परेका थिए । शङ्कर के.सी. ले त मेरो घोर विरोध पनि गऱ्यो । कसैको बहकाउमा म तारिफ गर्न चाहन्न । मेरो आफ्नै विचारले निर्णय गरेका विषयहरूमा मात्र बोल्न र लेख्न चाहन्छु । साहित्यमा सम्झौता

गर्ने बानी मेरो छैन, भैरवजी ! कोही रिसाउन वा खुसाउन । मेरो धारणा पहिले पनि यस्तै थियो, अहिले पनि यस्तैछ र पछि पनि यस्तै रहने छ । त्यसकारण 'पारिजातको जीवन कथा' लाई प्रस्तुत गर्ने ढङ्ग, शैली आदि देख्दा नरेन्द्रराज प्रसाईंप्रति सम्मानको भाव बढ्नु स्वाभाविक थियो । यसर्थ मैले उहाँको प्रशंसा गरेको हुँ । जे होस् मेरो लेख पढिदिनु भो । तपाईंलाई निकै घत लागेछ । धेरै खुसी लाग्यो भैरवजी तपाईंलाई धेरैधेरै धन्यवाद !" मदनमणि दीक्षितज्यूले बोल्दै बिदा माग्नुभयो । "हस् त नमस्कार मास्टरसाब ।" 'नमस्कार ।"

मदनमणि माड्साबसँग कुराकानी सकेपछि मलाई पारिजातको जीवनकथाको तिर्सना लाग्यो । अनि मैले नरेन्द्रराज प्रसाईंका घरमा फोन गरेँ ।

"हलो नरेन्द्रबाबु हुनुहुन्छ ?" मैले सोधें । "हुनुहुन्न । ए भैरवदाजु बोल्नु भएको ? म इन्दिरा प्रसाईं । उहाँलाई को भन्नु पऱ्यो ? दाजु !" फोनमा इन्दिरा बहिनी बोल्दै हुनुहुन्थ्यो । "भोलि साँझ तपाईंके समय कस्तो छ ? इन्दिरा बैनी ?" मैले फेरि सोधेँ । "किन दाजु आउनु हुन्छ र ?" बहिनी उत्साहित भएर सोध्नुभएको थियो । "हो बैनी ! खाने गरी नै आउन मन लाग्यो ।" मैले भनें । "दाजुको लागि सदैव स्वागत छ । भोलि आउनुस् है त दाजु ! म ढुक्क भएर बसे नि । उहाँलाई पनि खबर गरिदिन्छु । भोलि खुब रमाइलो हुने भो ।" इन्दिरा बहिनीले न्यानोपन गाँसेर भन्नुभएपछि स्वतः हाम्रो फोनको कुरा टुङ्गियो ।

कार्यक्रम बमोजिम भोलिपल्ट नरेन्द्रराज प्रसाईंको घरमा म पुगें । सर्वप्रथम इन्दिरा बैनीसित भेट भयो र उहाँले नरेन्द्रज्यूकी श्रद्धेय माता भागीरथा प्रसाईंज्यूसित परिचय गराउनु भयो र केहीबेर पछि चिया पिउँदापिउँदै नरेन्द्र प्रसाईंज्यू पनि बाहिरबाट पाल्नुभयो । अनि हाम्रा व्यावहारिक गन्थनपछि मैले भने "मदनमणि दीक्षितज्यूको प्रशंसा प्राप्त गर्न सक्नु साहित्यजगत्मा देखा पर्ने एक विजयको सङ्केत हो । यसर्थ तपाईंलाई बधाई दिन आएको हुँ । हुन त पुस्तकको बान्की मैले हेर्न पाएको छैन । तर मदनमणि दीक्षितज्यूको लेखले नै पुस्तकको बनौट वा क्षमतालाई बुझ्न धेरै सजिलो पारिदिएको छ । नरेन्द्रराज प्रसाईंको यो ठूलो उपलब्धि हो । यस सन्दर्भमा म धेरै खुसी छु नरेन्द्रबाबु ।"

मेरो कुरा सुनिसक्ता नसक्तै तुरुन्तै नरेन्द्रबाबुले ऱ्याकबाट निकालेर एउटा पुस्तक दिनुभयो । कभर पेजमा पारिजातको भव्य आकर्षक तस्विर देख्ने बित्तिकै एकछिन म घोरिएँ । "दाजुले पारिजातलाई चिन्नुहुन्थ्यो ?" नरेन्द्रबाबुको प्रश्न थियो । "चिन्दिन भन्न मिल्दैन तर लामो सङ्गत भएन ।" मैले सम्झँदै भनेँ । "कहाँ कसरी चिन्नु भो ? छोटकरीमा भए पनि केही लेखिदिनुस् न । हामी अत्यन्त खुसी हुन्थ्यौं ।" इन्दिरा बैनीले समेत थपेर भन्नुभयो । यसबीच विभिन्न साहित्य र संस्कृतिमाथि केही चर्चा गरिनुका साथै पिउने र खाने कार्यक्रम पनि सकिँदै गयो र अन्त्यमा नरेन्द्रबाबुले मेरो गन्तव्य स्थानमा मलाई पुऱ्याइदिनुभयो ।

हातमा 'पारिजातको जीवन कथा' परेपछि म त्यसैमा डुबें । यसैक्रममा पारिजातको सम्झनाले एक बेग २०२१ सालको वीरगञ्जमा म हुत्तिन पुगें । त्यसबेला भरखर जाडोको आगमन हुन थालेको थियो । श्री ५ को सरकार पुरातत्व र संस्कृति विभागको आदेशअनुसार वीरगञ्जस्थित वीरगञ्ज सांस्कृतिक परिषद्का कलाकारहरूलाई दुई महिनाको लागि नृत्यको तालिम दिन खटिएर गएको थिएँ । जहिले पनि वीरगञ्ज गएको बेला मेरो बसाई सरकारी गेष्ट हाउसमै

हुन्थ्यो । किनकि त्यस गेष्ट हाउसको अति पुरानो र विश्वासिलो पाले रामचन्दर भन्ने व्यक्तिको संरक्षणमा बस्न सबैलाई रहर लाग्थ्यो र प्रत्येक व्यक्तिको प्रकृतिअनुसार सेवा पुऱ्याउनमा रामचन्दर अति सिपालु थियो । त्यसर्थ त्यसपटक पनि म सरकारी गेष्ट हाउसमै बस्न पुगे ।

भूतपूर्व प्रधानमन्त्री श्री टंकप्रसाद आचार्यज्यू पनि त्यही गेष्ट हाउसमा बस्नु भएको रहेछ । अचानक मेरो आगमनलाई देख्नेबित्तिकै "ओहो, भैरव पनि यहाँ ! पारिजातको कार्यक्रममा आएको हो कि क्या हो ?" टंकप्रसादज्यूले भन्नुभयो । "उहाँसित मेरो चिनजान नै छैन । के उहाँ पनि अहिले वीरगञ्जमै हुनुहुन्छ ?" मैले जवाफ दिएँ । "हो त गोपालचन्द्र गौतमले प्रत्येक साँझ पारिजातको विभिन्न लेखहरू सुनाएर यस्तरी बयान गर्छन् कि वास्तवमा म पनि पारिजातको साहित्यप्रति निकै मुग्ध भइसकेको छु । त्यसो त मेरो पनि पारिजातसँग यहीं चिनाजानी भएको हो । धनुषचन्द्र गौतमका भाइ गोपालचन्द्र गौतम वीरगञ्जको अति भलाद्मी र गहकिलो साहित्यकार व्यक्ति हुन् । भरे पनि म कहाँ आउँछन्, तिमीलाई पनि म चिनाइदिन्छु । अब मलाई वीरगञ्जमा दिन काट्न गाह्रो भएन ।" आचार्यज्यूले भन्नुभयो ।

"गोपालचन्द्र गौतम २०१३ सालदेखिको मेरो परिचित मित्र र मेरो भैरव नृत्य दलको परम सहयोगी पनि हुनुहुन्छ उहाँको दाजु-भाइ सबैसित नै मेरो घनिष्ट सम्बन्ध छ" मैले आचार्यज्यूलाई जानकारी दिंदै भने । "झन् सुनमाथि सुगन्ध हुने भो, ..... ह......ह......ह.... । यसरी प्रत्येक वाक्य टुङ्गेपछि दिल खोलेर हास्नुपर्ने टंकप्रसाद आचार्यज्यूको चलनले हामीलाई प्रत्येक साँझ एकघण्टा जति टंकप्रकासज्यूको कोठामा साहित्यकार र कलाकारहरूको बारेमा गफ गर्नुपर्ने हामी सबैलाई टुनामुना लागिसकेको थियो । अनि त्यसपछि मात्र मेरो कोठामा रमझम गर्नुपर्ने र मित्र मण्डलीको भलाकुसारीको चर्चा गर्नुपर्ने हाम्रो नियम नै बनिसकेको थियो ।

यस्तै, एकदिन शनिवारको बिहान गेष्टहाउसमा आएर गोपालचन्द्र गौतमजीले भन्नुभयो "भैरवबाबु, तिमीलाई पारिजातले निकै सम्झेकी छ । त्यसकारण आज साँझ पारिजातसित भेटघाट गर्ने कार्यक्रम छ, कतै नजानु है ।" "मेरो परिचय नै छैन गोपालबाबु । शङ्कर लामिछाने र शक्ति लम्सालको मुखबाट पारिजातको बयान प्रशस्त सुनेको मात्र हुँ ।" मैले भनें । "अब मेरोतर्फबाट वास्तविक परिचय हुन्छ । भरे म लिन आउँदैछु" भनेर गोपालजी जानुभयो ।

त्यसै साँझको साढे पाँच बजे गोपालचन्द्र गौतमको नेतृत्वमा हामी दुई माइस्थान मन्दिरदेखि नैऋृत्यकोणमा पर्ने एक गल्लीभित्रको एउटा घरमा पुग्यौं र तल्लो तलाको कोठामा प्रवेश गऱ्यौं । खाटमा पारिजात, भुईंको चकटीमा विद्यार्थीजस्ता दुई युवक, सबै प्रसन्न मुद्रामा थिए । हाम्रो नमस्कारलाई उछिनेर उपस्थिति सबैले आ-आफ्नो नाम सुनाउन थाले । म पनि आफ्नो नाम बताउँदै चकटीमा बसेँ ।

"तपाईंको बारेमा शङ्कर लामिछानेदाइबाट धेरै कुरा थाहा पाइसकेकी छु । भैरव दाइसित भेट मात्र नभएको हो । भेट्ने इच्छा पहिलेदेखिनै थियो । त्यो इच्छा बल्ल वीरगञ्जमा आएर पुग्यो । यसको लागि गोपालचन्द्र गौतमजीलाई धेरैधेरै धन्यवाद छ ।" "यस खुसीमा अलिअलि चल्छ होला नि ?" भनेर पारिजातले आफ्नो हातको मुद्राबाट के सङ्केत गरेकी थिइन्, लगत्तै प्लास्टिक,

आलमोनियम र ढलोटले बनेका विभिन्न साइजका कचौरा, रिकापी र सानोखाले थालका साथै दुई बोतल लोकल रक्सी हाम्रो सामु आइपुगे । एकजना दाह्रीवाल विद्यार्थीले मुरई (भुजा) अचार बगेडीको मासुजस्ता सितनहरू राख्दै गए । एवम् रितले थाल र कचौराहरूमा पनि रक्सी हाल्दै गए । सबैले कचौरा समाते, मैले थाल उठाएँ । यसरी पहिलो पेकको आरम्भ हुनासाथ पारिजातले भन्नुभयो “डाक्टरको सल्लाह बमोजिम जाडो छल्न वीरगञ्ज आएकी हुँ । दुई हप्ता भयो, पाहुनाको रूपमा बसेकी छु । सिसाको गिलास शुद्ध जुटाउन सकिन । जे जुऱ्यो यही नै हो । यो जुराउने पनि (दाह्रीवाललाई औंल्याएर) यिनै हुन् । मलाई यिनको ठूलो सहयोग छ ।”

मैले भनैं “वास्तवमा सबै कुराहरू भावनामा भर पर्दछ, भाँडाहरू त निमित्त मात्र हुन् । साँच्चिकै भन्ने हो भने आज मलाई नयाँ स्वादको अनुभूति भइरहेको छ । किनकि महिलाको नेतृत्वमा पिउने सुअवसर पाएको र थालमा रक्सी पस्केर पिउन पाएको यो मेरो जीवनमा पहिलो घटना हो । वास्तवमा यो जमघट मेरो लागि सदैव अविस्मरणीय विषय हुन गएको छ, पारिजात बैनी ।” “मलाई औधि मन पऱ्यो भैरवदाइको कुरा । मेरो विचारधारासित मिल्दोजुल्दो छ । खुसी लाग्यो ।” पारिजातले हर्षित मुद्रामा भन्नुहुँदै आफ्नो प्रथम पेक सिनित्त पार्नासाथ स्वतः वातावरण नै दोस्रो, तेस्रो पेकतिर लम्किन थाल्यो ।

यसैबीच मैले आफ्नो अन्तिम थाल उचालेर के पिउन खोज्दै थिएँ, अचानक उही दाह्रीवाल विद्यार्थीले पारिजातलाई दुई हातले उचालेर आफ्नो बायाँ कम्मरमा राखे । अर्थात् गाउँले महिलाले गाग्रो बोकेझैं पारिजातलाई बोकेर कोठाबाट बाहिर गए । किन बोकेर बाहिर लगे, आखिर बाहिर कहाँ लगे र केको लागि बाहिर लगे म अवाक भई हेरेको हेऱ्यै भएँ । मेरो हातको थाल मेरो ओठको ओठै रह्यो । गोपालचन्द्र गौतम र अर्को विद्यार्थीलाई यो दृश्यबाट कुनै किसिमको असर नपरेको देख्दा शङ्कर लामिछानेकै शब्दमा ‘क्वाँच’ भएर पिउन थालें ।

एकछिनपछि उही मुद्रामा दाह्रीवाल विद्यार्थी आएर पारिजातलाई हिफाजतले खाटमा बसाली दिए । “भैरवदाइ, के गर्नु, बाथले मलाई हैरान पाऱ्यो । यो रोग मेरो लागि आशिर्वादको रूपमा आएजस्तो लाग्छ । दिसा, पिसाब र नुहाउनसमेत पऱ्यो भने (उही दाह्रीवाल विद्यार्थीलाई देखाएर) उहाँले नै मेरो सम्पूर्ण हेर विचार गर्नु हुन्छ । वास्तवमा मेरो संरक्षक नै उहाँ हो ।” निर्धक्क भएर पारिजातले यति भनेपछि बल्ल खुम्चिएर बसेका मेरा अङ्ग-प्रत्यङ्गका नशाहरू सुस्तरी-सुस्तरी खुलस्त हुन थाले ।

यसरी वीरगञ्ज बसुन्जेल दुई-तीन पटकसम्म पारिजातसित जमघट हुने मौका पाएँ । त्यस जमघटमा प्रायशः नयाँ पुस्ताका साहित्यकारहरूको मात्र नाम लिने चलन पारिजातको स्वभावमा देखा परे । शङ्कर लामिछाने, भूपि शेरचन र भीमदर्शन रोकाको नाम उठेको बेलाचाहिँ आधा रात बितेको पनि थाहा हुँदैन थियो पारिजातलाई । यस अवधिमा कहिले पारिजातको पालो कहिले गोपालचन्द्र गौतमको पालो र कहिले मेरो पालो हुन्थ्यो आ-आफ्नो लेख कविता सुनाउने । कहिले राल्फाको नामबाट गीतको कार्यक्रम पनि हुने गर्थ्यो ।

जबजब पारिजातलाई सम्झन्छु, त्यसबेला एउटा कुराले मात्र मलाई पोल्न थाल्दछ, त्यो हो महान् आत्मा भएको दाह्रीवाल विद्यार्थीको नाम मैले कसरी बिर्सन पुगें । वास्तवमा त्यसबेला पारिजातप्रति ती दाह्रीवाल व्यक्तिले गरेको सेवा वा त्याग निश्चय नै प्रेरणादायक थियो ।

वीरगञ्जबाट काठमाडौं आएको यस्तै डेढदुई वर्ष बितेपछिको कुरा हो तत्कालीन गृहमन्त्री शैलेन्द्रकुमार उपाध्यायज्यूले मलाई खोजिरहनु भएको कुरा मेरो परम मित्र तुलसीनाथ ढुङ्गेलबाट थाहा पाएँ । अब भने मेरो भाग्यमा केही सुधार हुने भो भन्ने मैले ठानैं र यथाशीघ्र गृहमन्त्रीज्यूलाई भेट्न पुगें ।

भेटमा गृहमन्त्रीज्यूले भन्नुभयो “महेन्द्र सरकारबाट पारिजातलाई गोरखा दक्षिणबाहुद्वारा विभूषित गर्न चाहिबक्सेको छ । पारिजातलाई जसरी भए पनि मनाउनुपर्‍यो भनी महेन्द्र सरकारबाट मलाई हुकुम भएकोले यो काम भैरवबाट मात्र सम्भव देखिएको हुँदा धेरै दिनदेखि तिमीलाई खोजेको हुँ । साथीको हैसियतले यति गरिदिनै पर्‍यो ।”

अब मैले आफ्नो सारा उमिदलाई दर्‍हो खामभित्र सिलबन्दी गरेर मैले भनैं-
“अत्यन्त सुसमाचार सुनाउनु भो तर पारिजातसित मेरो त्यति लामो हेमचेम नभए तापनि उहाँको स्वभावलाई म राम्ररी चिन्दछुजस्तो लाग्दछ । त्यसर्थ पारिजातलाई मनाउने काम शङ्कर लामिछानेबाट मात्र हुनसक्छ ।”

“हो, बल्ल भैरव ठीक स्टेसनमा आइपुग्यो । वास्तवमा मैले खोजेकै शङ्कर लामिछाने हो । अब तिमी र तुलसीनाथ दुवै मिलेर गरेको अनुरोधलाई शङ्कर लामिछानेले सहजै स्वागत गरिहाल्छन् यसमा मलाई पूर्ण विश्वास छ । अनि लामिछानेको प्रस्तुतिलाई पारिजातबाट अस्वीकार हुन गाह्रो हुन्छ भन्ने कुरा पनि मलाई राम्ररी थाहा छ । त्यसकारण शङ्कर लामिछानेको नेतृत्वमा मलाई पारिजातसित भेटघाट गराउँनै पर्‍यो ।” गृहमन्त्रीज्यूले भन्नुभयो ।

अन्तत्वोगत्वा “मित्रताको लागि नै जीवन हो” भन्ने मन्त्रलाई दृष्टिगत गरेर एकदिन कमल पोखरीस्थित मेरै घरमा तुलसीनाथ र मैले पारिजातको निम्ति प्रदान गर्न लागिएको गोरखा दक्षिणबाहु नामक तक्मासम्बन्धी कुरा उठाउँदा शङ्कर लामिछानेज्यू एकछिन निकै घोरिनुभयो र सिमलको भुवा खसेझैं ढल्मले गतिमा हुन्छ भनी शङ्कर लामिछानेज्यूले मञ्जुरी दिनुभयो । त्यसपछि हामीले गृहमन्त्रीज्यूलाई पारिजातसित भेट गराउने निधो गर्‍यौं ।

पूर्व निर्धारित सल्लाह मुताविक एकदिन शनिबारको साँझ ६:०० बजेतिर एक बोतल ठूलो साइजको विदेशी हेग लिएर गृहमन्त्रीज्यू, तुलसीनाथ र म ताहाचलस्थित शङ्कर लामिछानेको निवासमा पुग्यौं । हामीलाई देख्नेबित्तिकै खाटमा बसेकी पारिजात यस्तरी खुसी हुन थालिन् कि खाटका तन्ना जतातते गुजिल्टो पर्न थाले । ठीक यसैबेला तुलसीनाथजीले लपेटेको अखबार खोलेर हेगको बोतल अगाडिको टेबलमा राख्नुभयो । त्यसपछि मित्र मण्डलीको नियमअनुसार कार्यक्रम स्वतः अगाडि बढ्न थाल्यो ।

“बुझ्नुभो शङ्करदाइ, वीरगञ्जमा भैरवदाइले यस्तो मीठोमीठो चुट्किला, कविता सुनाउनुभयो, जसमध्ये बोतलको बिर्को, हराएको कविता म कहिल्यै बिर्सन्न । आज पनि त्यो कविता सुन्नैपर्छ ।” हर्षले पारिजात ताली बजाउँदै थिइन् । यसैबीच शङ्कर लामिछानेज्यूले भन्नुभयो “आज कविताको पालो हैन । नेपालको गोरखा दक्षिणबाहुको तक्मा विषयमा गम्भीर छलफल गर्नुपर्ने आजको विषय हो ।” शङ्कर लामिछानेका कुरा भुईंमा खस्नासाथ “यो कसको लेख हो ?” पारिजातले भनिन् । “यो लेख हैन । पारिजातको सम्मानसम्बन्धी कुरा उठेकोले

गृहमन्त्रीज्यूको आग्रहअनुसार आज हामी यहाँ भेला भएका हौं । अर्थात् महेन्द्र सरकारबाट पारिजातलाई गोरखा दक्षिण बाहु प्रदान गर्न चाहिबक्सेको हुनाले सल्लाह मिलाउन गृहमन्त्रीज्यू स्वयम् यहाँ पाल्नुभएको हो । अब बैनीको के बिचार छ ।" भनी शङ्कर लामिछानेज्यूले वास्तविकताको पर्दा उघारी दिनुभयो । यसमा अझै बल थप्दै गृहमन्त्रीज्यूले पनि भन्नुभयो "तपाईंले जसरी भए पनि महेन्द्र सरकारको यो अभिलाषा पुऱ्याइदिनुहोस् । मेरो पनि विनम्र अनुरोध छ, पारिजात बैनीलाई ।"

यी कुरा सुन्नेबित्तिकै पारिजातको स्वाभाविक निधारमा एब्सट्र्याक्ट रेखाहरू प्रादुर्भाव हुन थाले । साथै यसरी चिम्लेर आँखा बन्द गरिन् कि वातावरण नै एकक्षण अन्धकारमय हुन पुग्यो । फेरि पनि हिम्मतमा दम दिएर शङ्कर लामिछानेज्यूले भन्नुभयो "उक्त सम्मान पर्यायवाची छ/छैन गहिरिएर एकछिन मनन गर्दा हुन्न र ?" "शङ्करदाइ, म न उद्योगपति हुँ, न व्यापारी हुँ, न बहादुर हुँ, न चमत्कारी हुँ । सिफारिसको आधारमा तक्मा बकस लिनु मेरो मोरलले दिंदैन । यसकारण यो टपिक्स बन्द नै गर्नुस्, बिन्ती छ ।" दुई हात जोडेर पारिजातले यति भनेपछि वातावरण स्वतः अनकन्टारको धारिलो भित्तामा ठोकिन पुग्यो ।

यसरी जहाँ भए पनि खाटलाई रङ्गमञ्च ठानेर परम् आनन्द लिनदिन सक्नुका साथै विरोध पनि गर्नसक्ने क्षमता भएको स्वाभिमानी पारिजातलाई सम्झँदा पृथक्पृथक् स्थानमा पारिजातसँग भएको केही पटकको भेटघाट पनि जीवनभरि मलाई सम्झना भइरहने भेटघाटजस्तो लाग्छ ।

झन् नरेन्द्रराज प्रसाईंद्वारा सिर्जित 'पारिजातको जीवन कथा' पढ्दा मलाई पारिजात यद्यपि जीवित नै छन् भन्ने अनुभूति पनि भयो । नेपाली साहित्यिक प्रतिभाको यसप्रकारले जीवनी प्रस्तुत गरिनु नेपाली साहित्यिकहरूका लागि नै उपलब्धिका रूपमा मैले लिएको छु । वास्तवमा 'पारिजातको जीवन कथा' बारे मदनमणि माड्साबले 'कान्तिपुर'मा लेख्नुभएको लेखलाई थप बुझ्न पनि मलाई यो पुस्तकले निकै मद्दत गऱ्यो । पुरुषप्रधान समाजकी नारी लेखिका र शारीरिकरूपले अशक्त हुँदाहुँदै पनि साहित्यकी हस्तीलाई प्रसाईंको कलमले जीवन्त पार्ने जुन प्रयास गरेको छ त्यसको पनि म हार्दिक सराहना गर्छु ।